# परिचय

सन् २००४ जुन २९ र ३० मा काठमाडौँमा "वार्ताद्वारा राजनीतिक निकास : नेपाल, श्रीलङ्का र दक्षिण अफ्रिकाका अनुभव" विषयक एक दिने छलफल कार्यक्रम र तीन घण्टाको सार्वजनिक प्रवचन कार्यक्रम सम्पन्न भएको थियो । नेपाल दक्षिण एसिया केन्द्र (नेस्याक), शान्तिका लागि साझा अभियान (कोक्याप), मार्टिन चौतारी र इन्स्टिच्युट फर डेमोक्रेसी एन्ड इलेक्टोरल एसिस्टेन्स (इन्टरनेसनल आइडिआ) ले संयुक्त रूपमा उक्त कार्यक्रमको आयोजना गरेका थिए । २९ जुनको छलफल कार्यक्रममा ६५ जना सहभागी थिए भने ३० जुनको सार्वजनिक प्रवचनमा दुई सय २५ जनाको उपस्थिति रहेको थियो ।

## सोच

अन्तर्राष्ट्रिय आइडिआद्वारा विभिन्न नेपाली संस्थाहरूसँग मिलेर सञ्चालित "नेपालमा संवैधानिक प्रक्रियाहरूमाथि संवाद" भन्ने छ महिने कार्यक्रमअन्तर्गत प्रवचन एवम् छलफल कार्यक्रमको आयोजना गरिएको थियो । यी कार्यक्रम गर्नुको पछाडि नेपालको वर्तमान राजनीतिक द्वन्द्व मुख्यतः संवैधानिक विषयहरूसँग सम्बन्धित छ भन्ने मान्यता थियो । तर संवैधानिक विषयहरूसँग सीधै सम्बन्ध नभएका अन्य विभिन्न कारणहरूले पनि सम्झौता प्रक्रियाको परिणाममा असर पार्दछन् । त्यसैले द्वन्द्वको संवैधानिक पक्षमात्र होइन, सम्झौता प्रक्रिया सफल वा विफल पार्नसक्ने अन्य तत्वहरूका विषयमा पनि कार्यक्रममा छलफल गरिएको थियो । छलफल कार्यक्रममा प्रस्तुत गरिएका तीन

देशका अनुभवहरू आ-आफ्नै हिसाबले विशिष्ट खालका थिए । सम्झौतापछि दक्षिण अफ्रिका रङ्गभेदी शासन व्यवस्थाबाट नयाँ प्रजातन्त्रिक युगमा प्रवेश गर्न सफल भयो भने श्रीलङ्कामा अनिश्चितताको स्थिति छ र नेपालमा वार्ताहरू असफल भएका छन् ।

काठमाडौं र नेपालका अन्य स्थानमा गर्ने भनिएका कार्यक्रमहरू मध्ये यो पहिलो कार्यक्रम थियो । आउँदा छलफलका मुख्य तीन विषयहरू सहभागितामूलक संविधान निर्माण, संवैधानिक राजतन्त्र र भविष्यका राजनीतिक मुद्दाहरू रहेका छन् । पहिलो कार्यक्रमको दुई दिनमा प्रस्तुत कार्यपत्र, त्यसमाथिका प्रतिक्रिया र छलफलमा व्यक्त कुराहरू यो प्रकाशनमा समेटिएका छन् ।

## छलफल कार्यक्रमको स्वरूप

पहिलो दिन (२९ जुन)को कार्यक्रमलाई दुई चरणमा विभाजन गरिएको थियो । नेपाली, श्रीलङ्काली र दक्षिण अफ्रिकी सम्झौता प्रक्रियाका अनुभवमाथि तीन स्रोत व्यक्तिका प्रस्तुतिलाई कार्यक्रमको पहिलो चरणमा राखिएको थियो । उनीहरूको प्रस्तुतिमाथि तीनजना टिप्पणीकर्ताको प्रतिक्रिया र सहभागीहरूबीचको छलफललाई पनि सोही चरणमा राखिएको थियो । कार्यक्रमको दोस्रो चरणमा नेपाल, श्रीलङ्का र दक्षिण-अफ्रिकाको विगतका अनुभवबाट नेपालमा भविष्यमा गरिने सम्झौताका निम्ति सिक्नुपर्ने पाठ पहिचान गर्न स्रोत व्यक्तिहरूलाई अनुरोध गरिएको थियो । अर्को दिन (३० जुन)को सार्वजनिक प्रवचनमा तीनजना स्रोत व्यक्तिले आ-आफ्ना धारणाहरू प्रस्तुत गरे । सहभागीहरूले आ-आफ्ना प्रतिक्रिया व्यक्त गर्दै प्रश्नहरू पनि सोधे । अन्तमा सभापतिको मन्तव्यसँगै कार्यक्रम विसर्जन भयो ।

## सहभागीहरू

पहिलो दिनको कार्यक्रममा समुदायमा आधारित सङ्घसङ्गठन, गैर-सरकारी संस्थाहरू, व्यवसायिक संस्था र राजनीतिक पार्टीका सदस्य, पत्रकार, युवानेता, सामाजिक कार्यकर्ता र विद्वान्हरूको सहभागिता रहेको थियो । कुल ६५ सहभागी मध्ये ११ जना काठमाडौं बाहिरबाट आएका थिए । सहभागीमध्येका केही व्यक्ति मध्यस्थकर्ता वा नागरिक समाजका प्रतिनिधिको रूपमा विगतको सरकार र माओवादी शान्तिवार्तामा सम्मिलित भएका थिए । सार्वजनिक प्रवचन सबैका निम्ति खुला थियो । विद्यार्थी, मानव अधिकारवादी कार्यकर्ता, राजनीतिक पार्टीका नेता, कर्मचारी, भूतपूर्व सैनिकहरू र जनसाधारणले उक्त कार्यक्रममा भाग लिएका थिए । विश्वविद्यालय, क्याम्पसहरू, गैरसरकारी सङ्घसंस्थाहरूमा पोस्टर टाँसेर तथा ठूलो सङ्ख्यामा इमेल पठाएर कार्यक्रमको प्रचारप्रसार गरिएको थियो ।

## उद्देश्यहरू

उक्त कार्यक्रमका मुख्य तीन उद्देश्यहरू थिए-

- राजनीतिक समाधानका निम्ति गरिएका सम्झौताहरूको अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान गर्ने;
- राजनीतिक समाधानका निम्ति गरिएका सम्झौताहरूका राष्ट्रिय अनुभवलाई पुनर्मूल्याङ्कन गर्ने;
- नेपालले ती अनुभवबाट भावी सम्झौता प्रक्रियाका लागि सिक्ने पाठहरू ठम्याउने ।

दक्षिण अफ्रिका, श्रीलङ्का अथवा अन्य अन्तर्राष्ट्रिय अनुभवलाई छलफलमा ल्याउनुका दुईओटा उद्देश्य थिए : पहिलो, तुलनात्मक

दृष्टिकोण प्रस्तुत गर्नु र दोस्रो, नीतिगत छनोट तथा विकल्पहरूका सम्बन्धमा नेपाली सरोकारवालाहरूको बुझाइलाई अझ सशक्त बनाउनु। कार्यक्रमले ती देशका सम्झौता प्रक्रियालाई हामीले जस्ताको त्यस्तै पालना गर्नुपर्छ भन्ने कुनै अभिप्राय राखेको थिएन।

## स्वीकृत समाधानको आवश्यकता

स्वागत मन्तव्य राख्दै वीरेन्द्रप्रसाद मिश्रले सशस्त्र द्वन्द्वको प्रायजसो तीन मध्ये कुनै एक प्रकारको सम्भाव्य परिणाम हुन्छ भन्नुभयो। पहिलो स्थितिमा, द्वन्द्वरत् समूहमध्ये एउटाको हार भए विजयी समूहले आफ्नो अनुकूलता अनुसारका सर्तहरू मान्न लगाउने सम्भावना हुन्छ। दोस्रो स्थितिमा, द्वन्द्व अनिश्चित कालसम्म लम्बिने र परिणाम नआउने कुरा बुझेर द्वन्द्वरत् दुवै समूह स्वीकृत समाधानको पक्षमा जान्छन्। तेस्रो परिस्थितिमा, द्वन्द्वरत्भन्दा पृथक् नयाँ समूहहरू सरोकारवालाका रूपमा देखापर्छन् र द्वन्द्व सम्हाल्न नसकिने हुन्छ। नेपालको परिस्थिति दोस्रो प्रकारको परिणामसँग मेल खान्छ। यहाँ आठ वर्षदेखिको सशस्त्र द्वन्द्वमा दुवै पक्षले विजय हासिल गर्नसक्ने स्थिति छैन। यस्तो अवस्थामा नेपालसँग स्वीकृत समाधानको विकल्पमात्र बाँकी छ। यसका लागि नेपालले आफ्नै अथवा समान इतिहास बोकेका राष्ट्रहरूका अनुभवबाट पाठ सिक्न सक्दछ।

यो छलफल प्रक्रियाले क्षेत्रीय रूपमा समाजका विभिन्न वर्गमाझ कार्यक्रमको आयोजना गरी काठमाडौं बाहिरका जनतासम्म पुग्ने लक्ष्य राखेको छ। मुद्दाहरू निर्धारण गर्न अगाडि सरिसकेका हुनाले युवाहरूलाई प्राथमिकताका साथ छलफल प्रक्रियामा समावेश गराउने प्रयास गरिएको जानकारी कोक्यापका संयोजक दिनेश प्रसाईंले दिनुभयो। राजनीति, नागरिक समाज र प्राज्ञिक क्षेत्रमा सक्रिय युवा नेताहरूलाई टिप्पणीकर्ताका रूपमा छनोट गरिएको थियो।

नेपालसँग प्रासङ्गिक भएकाले श्रीलङ्काली र दक्षिण अफ्रिकी अनुभवलाई अध्ययनको विषय बनाइएको हो। कार्यक्रमको पहिलो चरणको प्रारम्भमा सम्झौता प्रक्रिया सम्बन्धी नेपालको अनुभवलाई प्रस्तुत गरिएको थियो। त्यसपछि श्रीलङ्काली र दक्षिण अफ्रिकी अनुभवहरू प्रस्तुत गरियो। यो प्रस्तुतिले अन्तर्राष्ट्रिय अनुभवलाई नेपाली शान्तिवार्ता असफल हुनुको परिप्रेक्ष्यमा ढालेर व्याख्या गर्न सम्भव बनायो। ती अन्तर्राष्ट्रिय अनुभवबीच केही समानता र केही असमानता छन्। निश्चित र अन्तिम राजनीतिक समाधानविना नै सरकार र लिवरेसन टाइगरस् अफ तमिल इलम (लिट्टे) का बीच नर्वेली मध्यस्थतामा गरिएको युद्धविराम श्रीलङ्कामा कायमै छ। अर्कोतर्फ अफ्रिकी नेसनल कङ्ग्रेस र रङ्गभेदी शासनबीचको सम्झौतापछि रङ्गभेदी युगबाट दक्षिण अफ्रिका प्रजातान्त्रिक युगमा प्रवेश गर्‍यो। हाल दक्षिण अफ्रिका र श्रीलङ्का नेपाली द्वन्द्व विशेषज्ञ र राजनेताहरूका लागि गन्तव्य स्थल बनेका छन्।

## राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवहरू

### *नेपाली असफलताहरू*

राजनीतिक स्तम्भकार हरि रोकाले नेपाली सम्झौताहरूका विषयमा कुरा उठाउनु भयो। सन् १९९० मा राजा र राजनीतिक पार्टीहरूबीच भएको सम्झौता तथा दुई पटकसम्म असफल भएको सरकार-माओवादी सम्झौतावार्ताको विषयमा उहाँले चर्चा गर्नुभयो। सरकार र माओवादी दुवैमा इमान्दारिताको अभाव भएकोले सम्झौता प्रक्रिया असफल भएको हो भन्ने उहाँको प्रमुख तर्क थियो। दक्षिण अफ्रिकामा राजनीतिक पार्टीहरूबीच आपसी विश्वास रहेकाले सम्झौता सफल भएको थियो तर नेपालमा सरकार र माओवादीबीच दुवै वार्ताकालमा विश्वासको अभाव रह्यो। सन् १९९० मा भने राजा र राजनीतिक पार्टीहरू सहमतिमा आई एकअर्कालाई सहुलियत दिन राजी भएकाले सम्झौता प्रक्रिया सफल भएको थियो।

नेपालमा सम्झौता प्रक्रिया असफल हुनुका थुप्रै कारणहरू छन् । द्वन्द्वविशेषज्ञ विष्णुराज उप्रेतीको तर्क थियो - वार्ता हुँदाहुँदै पश्चिम नेपालमा सरकारद्वारा गरिएको सैनिक सुदृढीकरणले माओवादीलाई पूर्वाक्रमण गर्न र युद्धविराम औपचारिक रूपमा भङ्ग गर्न बाध्य तुल्याएको हुनसक्छ । नेपाल कम्युनिस्ट पार्टी एमालेका केन्द्रीय सदस्य प्रदीप ज्ञवालीले राजनीतिक पार्टीको सहभागिता नरहेकाले दोस्रो वार्ता असफल भएको हो भन्नुभयो । तर के माओवादीहरू राजनीतिक पार्टीहरूलाई सम्झौता प्रक्रियामा साँच्चै समावेश गराउन चाहन्थे त ? दलित महिला कार्यकर्ता धनकुमारी सुनारको प्रश्न थियो । प्रदीप ज्ञवालीले उत्तरमा भन्नुभयो - संभवतः माओवादीहरूले राजसंस्थासँग सीधै सम्झौता हुन्छ भन्ने सोचेका थिए तर व्यारेक वरिपरिको पाँच कि.मि. भन्दा पर जान नपाइने भन्ने सर्त शाही नेपाली सेनाले नमान्ने भएपछि माओवादीसामु राजनीतिक पार्टीको पक्षमा आउनु बाहेक अर्को विकल्प थिएन । त्यतिखेर यदि राजनीतिक पार्टीहरू संलग्न भएका भए सम्पूर्ण प्रक्रिया निर्णयात्मक मोडमा पुग्ने थियो, उहाँको तर्क थियो ।

### *श्रीलङ्काली अनिश्चितता*

पाइकियासोथी साराभानामुत्तुले प्रस्तुत गर्नु भएको श्रीलङ्काली अनुभवले द्वन्द्वको इतिहास, विगतमा द्वन्द्व समाधानका प्रयास, ती प्रयासबाट सिकेका पाठ र वर्तमान स्थिति बारेमा प्रकाश पारेको थियो । अन्तिम राजनीतिक समाधानबिना नै नर्वेली मध्यस्थतामा भएको युद्धविराम अझै कायम रहेको कुरा अगाडि राख्दै कुनै एक पार्टीले मात्रै यो युद्धविरामलाई भङ्ग गर्न असम्भव रहेको स्थितिमाथि उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो– श्रीलङ्कामा सम्झौता प्रक्रिया भनेको सामाजिक सम्झौताहरूको पुनर्लेखन हो । श्रीलङ्काली अनुभवमाथि सरिता गिरीले टिप्पणी गर्नुभयो र त्यसले के पाठ सिकाउँछ भन्नेकुरा बताउनुभयो ।

उहाँको कथन थियो, श्रीलङ्कामा जस्तै नेपालमा पनि लोकतन्त्र र द्वन्द्व समाधानका लागि अन्तर्राष्ट्रिय दवाव सिर्जना गर्न आवश्यक छ ।

*दक्षिण अफ्रिकी सफलता*

निकोलस हेसमले दक्षिण अफ्रिकामा स्वीकृत समाधानको अनुभव र नेपालले त्यसबाट सिक्ने पाठका बारेमा बताउनुभयो । विशेषत: सम्झौता प्रक्रियाका गतिरोध हटाउने, विश्वासको वातावरण सिर्जना गर्ने र जनसहभागिता बढाउने विषयमा उहाँले जोड दिनुभयो । स्वीकृत समाधानको प्रक्रियामा संलग्न कुनै पनि पक्षले बिना सम्झौता समस्या समाधान हुँदैन भन्नेकुरा बुझ्नुपर्छ र त्यसपछि मात्र अन्य विषयमा अगाडि बढ्न सकिन्छ । उहाँले सम्झौता पूर्व निर्धारण गरिने मुद्दाहरू, पारदर्शिता र गोप्यताबीच सन्तुलनको आवश्यकता र संविधानसभामा जानुअघि सहमत हुनुपर्ने संवैधानिक सिद्धान्तका बारेमा पनि बताउनुभयो ।

सेरा तामाङले दक्षिण अफ्रिकी प्रक्रियाको पृष्ठभूमिमा नेपालका असफलताहरूबारे बताउँदै स्वीकृत समाधानका लागि नेपालमा वचनबद्धताको अभाव रहेको कुरा औंल्याउनुभयो । उहाँको तर्क थियो, पूर्वी नेपालको दोरम्बा गाउँमा हतियारविहीन माओवादी कार्यकर्ताको नृशंस हत्या, त्यतिबेलाका काठमाडौँका माओवादी सचिवको सेनाद्वारा अपहरण र विद्रोहीले उठाएका विषयहरूप्रति सरकारद्वारा गरिएको बेवास्ताजस्ता कुराहरूले सरकार स्वीकृत समाधानद्वारा समस्या हल गर्न अनिच्छुक रहेको देखाउँछ । सैनिक सहयोग वृद्धिका कारण सरकारले माओवादीमाथि विजय पाउन सकिन्छ भन्ने सोचेको थियो । अन्य सहभागीहरूले पनि स्वीकृत समाधानद्वारा द्वन्द्व अन्त गर्न सरकार र माओवादी दुवै इमान्दार नरहेको कुरामा सहमति जनाएका थिए ।

छलफलमा सहभागी मानव अधिकारवादी अधिवक्ता गोविन्द बन्दीले

द्वन्द्वरत् समूहले मानवीय पीडाका बारेमा ध्यान दिएका छैनन् र उनीहरू स्वीकृत समाधानमा पुग्न चाहेको कुरा शङ्काकै घेराभित्र छ भन्नुभयो ।

## विगतबाट सिक्नुपर्ने पाठहरू

विगतबाट सिक्नुपर्ने पाठहरू निर्धारण गर्न गगन थापा, झलनाथ खनाल र चक्रप्रसाद बाँस्तोलालाई अनुरोध गरिएको थियो । गगन थापाले नेपालराज्यको विकास प्रक्रियाका बारेमा बोल्दै यसको प्रकृति नै स्वीकृत समाधानको अवरोध हो भन्नुभयो । उहाँले सम्पूर्ण शक्ति चाहने राजसंस्था र गणतन्त्र चाहने माओवादी एकसाथ जान नसक्ने बताउनुभयो । राजावादी, सैनिक र कुलिन वर्गको बाहुल्यता रहेको नेपाली राज्यसत्ताले विभेद गरेका कारण दलित, जनजाति, दुर्गमक्षेत्रका जनता र विशेषगरी बहिस्कृत समूहका महिलाहरू माओवादी आन्दोलनतर्फ लागेको कुरा बताउनुभयो ।

झलनाथ खनालले द्वन्द्व समाधानमा क्षेत्रीय र अन्तर्राष्ट्रिय शक्तिहरूको सहभागिता रहनुपर्छ भन्नुभयो । उहाँले नेपालका केही सम्भ्रान्तहरूले सम्झौता प्रक्रियामा अन्तर्राष्ट्रिय शक्तिहरूको उपस्थितिलाई नेपाली सार्वभौमसत्ता गुम्न सक्ने कुरासँग जोडेका छन् भन्नुभयो । दोश्रो दिनको सार्वजनिक प्रवचनको सभापतित्व गरिरहनु भएका मानव अधिकारवादी कार्यकर्ता तथा अघिल्ला दुईओटा सरकार-माओवादी वार्तामा मध्यस्थकर्ता रहनु भएका पद्मरत्न तुलाधरले भन्नुभयो - सडक, अस्पताल र अन्य विकास निर्माणमा अन्तर्राष्ट्रिय सहयोग लिन हुने तर अरूबेला सार्वभौमसत्तामा असर पर्छ भन्नेकुरा गर्नु पाखण्ड हो। स्वीकृत समाधानका लागि अन्तर्राष्ट्रिय मध्यस्थता र सहभागिता सहयोगी हुन्छ भने त्यसलाई स्वीकार गर्नुपर्छ। झलनाथ खनालले राष्ट्रसङ्घको सहभागितालाई राम्रो विकल्प हो भन्नुभयो भने कार्यक्रमका धेरै सहभागीले भारतलाई सम्झौता प्रक्रियामा सहभागी गराउने उपाय खोज्नु आवश्यक छ भन्ने विचार प्रकट गरे ।

दक्षिण अफ्रिकी अनुभवलाई ध्यानमा राख्दै चक्रप्रसाद बाँस्तोलाले सरकारका तर्फबाट आफू पहिलो सरकार-माओवादी वार्तामा संलग्न हुँदाको अनुभव राख्दै पहिलो वार्ताको असफलताबारे यसो भन्नुभयो- हामी विनातयारी प्रक्रियामा सहभागी भयौं र कुनै पनि सहुलियत दिनेबारे वार्ता गर्न तयार थिएनौं । माओवादीले आफ्ना प्रस्ताव राखे, हामीले सीधै अस्वीकार गऱ्यौं । सेराले निकोलास हेसमको प्रस्तुतिमाथि टिप्पणी गर्दा भनेझैं त्यहाँ न त विश्वास सिर्जना गर्ने प्रयास भएको थियो न त सम्झौतापूर्वका मुद्दा निर्धारण गर्नमा कुनै तयारी नै । अखिल नेपाल महिला सङ्घकी अञ्जना बिशाङ्खे तथा अन्य सहभागीका अनुसार संविधानसभामार्फत् जनताको सार्वभौमसत्ता उपभोग गरिए द्वन्द्व समाधान हुनसक्छ । तर त्यसका लागि थुप्रै कठिनाइहरू छन् । उदाहरणार्थ, अमेरिकाले माओवादीलाई आतङ्ककारीको दर्जा दिन्छ । मानव अधिकारको उल्लङ्घन र बेपत्ता पारिने घटनाहरू अत्यन्त धेरै छन् । उहाँले यस्तो स्थितिमा स्वीकृत समाधानको सम्भाव्यताप्रति अनिश्चितता व्यक्त गर्नुभयो । कोक्यापका स्वयम्सेवक सुदीप जानाले "जनसहभागिता" को प्रयोगमा सावधानी अपनाउनु पर्ने कुरा बताउनु भयो ।

प्रदीप ज्ञवालीले विगतका असफलताबाट सिक्नसकिने पाठका बारेमा बताउनुभयो । उहाँले राज्यको पुनर्संरचना गर्नुपर्ने आवश्यकता, राजनीतिक पार्टी तथा जनता सम्झौता प्रक्रियामा सहभागी हुनुपर्ने र अन्तर्राष्ट्रिय शक्तिलाई पनि उक्त प्रक्रियामा सहभागी गराउनुपर्ने कुरामा जोड दिनुभयो ।